# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १० मितिः २०८२/०५/३०

भाग — २

## किसानसँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# किसानसँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०५/३०

प्रमाणीकरण र प्रकाशन मितिः २०८२/०५/३०

**प्रस्तावनाः**

देवघाट गाउँपलिकाका कृषकहरूको कृषि तथा पशु उत्पादन तथा उत्पादकत्व प्रवर्द्धन गरी कृषकहरूको आयमा वृद्धि गर्न एवं खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुऱ्याई ग्रामीण जीविकोपार्जन र अर्थतन्त्रमा सुधार ल्याउन नीति तथा कार्यक्रममा "किसानसँग अध्यक्ष कार्यक्रम" तर्जुमा गरिएकोमा यस कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम देवघाट गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**किसानसँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भ{{ई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ लगालेगा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "वडा" भन्नाले देवघाट गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(ग) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बिरुवा, विषादी, मौरी घार तथा गोला, कृषि उपकरण लगायतका कृषि उत्पादनमा टेवा पुऱ्याउने सामग्री वा वस्तु सम्झनु पर्दछ।

(घ) "पशु उत्पादन सामग्री" भन्नाले पशुजन्य उत्पादनमा प्रयोग हुने पाठापाठी, सुगुँरको बच्चा, घाँसको बीउ, पोषक तत्व, औषधी लगायतका उत्पादन सामग्री वा वस्तु सम्झनु पर्दछ।

(ङ) "समूह" भन्नाले देवघाट गाउँपालिकामा दर्ता भएको कृषक समूहलाई सम्झनु पर्दछ।

(च) "किसान" भन्नाले देवघाट गाउँपालिका भित्र कृषि तथा पशु उत्पादनमा सक्रिय व्यक्तिलाई सम्झनु पर्दछ।

(छ) "सहकारी" भन्नाले देवघाट गाउँपालिकामा दर्ता भएको कृषि वा अन्य सहकारीलाई सम्झनु पर्दछ।

(ज) "मिनिकीट" भन्नाले विभिन्न बालीका फरक जातहरूको बीउहरूको केही परिमाण प्याकेजिङ गरी कृषकहरूलाई वितरण गरिने सामग्री वा वस्तु सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले दफा ४ उपदफा (१) बमोजिम गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरू तथा लागत सहभागिता

३. **कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरूः** कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू एकल वा संयुक्त रुपमा समेत सञ्चालन गर्न सकिनेछ।

**(१) उत्पादन वृद्धि, व्यवसाय प्रवर्द्धन तालिम तथा अभिमुखीकरण कार्यक्रमः**

(क) सम्बन्धित समूह, सहकारी, फर्म तथा कृषकहरूको माग बमोजिम उत्पादन प्रविधि तथा व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम शाखाले शतप्रतिशत अनुदानमा सञ्चालन गर्नेछ।

(ख) तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन पश्चात कृषकहरूलाई सम्बन्धित कृषि वा पशु उत्पादन सामग्रीहरू निशुल्क रुपमा वितरण गर्न सकिनेछ।

(२) **कृषि जीविकोपार्जन कार्यक्रमः** परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा आबद्धित कृषकहरूको कुल कृषि तथा पशु उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न तथा व्यवसायिक कृषिमा आकर्षण गर्न कृषि तथा पशुपालन प्रविधि तालिम र तरकारी बीउ मिनिकीट तथा फलफूल बेर्ना लगायतका कृषि वा पशु उत्पादन सामग्री निशुल्क रुपमा वितरण गरिनेछ।

(३) **कृषि उत्पादन सामग्री सहयोग कार्यक्रमः** कृषक, समूह तथा सहकारीहरूको माग बमोजिम आवश्यक कृषि सामग्रीहरू अधिकतम ८५ प्रतिशत अनुदानमा वितरण गरिनेछ।

(४) **पशुपालन प्रवर्द्धन कार्यक्रमः** कृषक, कृषक समूह तथा सहकारीहरूको माग बमोजिम आवश्यक पशु उत्पादन सामग्रीहरू अधिकतम ८५ प्रतिशत अनुदानमा वितरण गरिनेछ।

(५) **जैविक सुरक्षा कार्यक्रमः** पशु फार्महरूमा जैविक सुरक्षा कार्यक्रम अधिकतम ९० प्रतिशत अनुदानमा सञ्चालन गरिनेछ।

(६) **खोर तथा गोठ सुधार कार्यक्रमः** खोर तथा गोठ सुधार कार्यक्रम अन्तर्गत नँया गोठ निर्माण तथा सञ्चालनमा नरहेको पुरानो गोठ सुधार अधिकतम ७५ प्रतिशत लागत सहभागितामा सञ्चालन गरिनेछ। तर सञ्चालनमा रहेको पुरानो गोठको सामान्य मर्मत तथा सुधारको लागि कुल प्राविधिक मूल्याङ्कन रु. तीन हजारसम्म भएमा शतप्रतिशत अनुदान प्रदान गर्न सकिने छ।।

(७) **आकस्मिक प्रकोपमा बाली संरक्षण कार्यक्रमः** कृषि बालीमा देखिने आकस्मिक रोग, कीरा तथा झारजन्य प्रकोपहरूको नियन्त्रण तथा व्यवस्थापनको लागि शत प्रतिशत अनुदानमा विषादी वितरण गरिनेछ।

## परिच्छेद ३

## कार्यक्रम कार्यन्वयन समिति

**४. कार्यक्रम कार्यान्वयन समितिः**

(१) कार्यक्रम कार्यान्वयन तथा सहजीकरणको लागि देहाय बमोजिम कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ।

(क) गाउँपालिका अध्यक्षः संयोजक

(ख) गाउँकार्यपालिका महिला सदस्यहरू मध्ये एक जनाः सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(घ) शाखा प्रमुख,पशु तथा मत्स्य विकास शाखाः सदस्य

(ङ)शाखा प्रमुख, कृषि विकास शाखाः सदस्य सचिव

(२) समितिमा आवश्यक जनप्रतिनिधि तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) दफा ४ उपदफा १(ख) बमोजिम सदस्यको मनोनयन समितिका संयोजकबाट हुनेछ।

(४) उपदफा (१) बमोजिम गठिन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम अन्तर्गत क्रियाकलापहरू तथा लागत सहभागिता प्रतिशत निर्धारण गर्ने।

(ख) मूल्याङ्कन तथा छनौटको आधारहरू तयार गर्ने।

(ग) कार्यक्रम सञ्चालनार्थ निश्चित क्षेत्रहरू निर्धारण गर्ने।

(घ) कार्यक्रम सञ्चालन गर्दा आवश्यक निर्देशन प्रदान गर्ने।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. कार्यक्रम सञ्चालन गर्ने निकायः**

(१) कार्यक्रम कृषकहरूको मागको आधारमा दफा ४ बमोजिमको समितिको निर्णय पश्चात सम्बन्धित शाखाबाट संचालन गरिनेछ।

(२) कृषि प्रसार कार्यक्रमहरू तथा दफा ३ उपदफा (२) बमोजिमको कृषि जीविकोपार्जन कार्यक्रम, कृषि वा पशु संग सम्बन्धित शाखाले आवश्यकता पहिचान गरी सोझै सञ्चालन गर्न सक्नेछ। आवश्यकता पहिचान किसानहरूलाई कार्यक्रमको अपरिहार्यता, किसानहरूको विद्यमान कृषि प्रणालीको अवस्था, जीविकोपार्जनको स्थिति, बाँझो जग्गाको उपस्थिति, व्यवसायिकताको स्तर, कृषि तथा पशुजन्य प्रकोपको असर आदिमा आधारित भएर गर्नु पर्नेछ।

(३) आवश्यकता अनुसार किसान/समूहसँग सम्झौता गरी कार्यक्रम सञ्चलानको कार्यादेश प्रदान गरी कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित संस्थालाई तोकिएको प्रतिशत अनुसार हुन आउने रकम अनुदानको रुपमा प्रदान गर्न समेत सकिनेछ।

**६. सूचना प्रकाशन तथा माग संकलनः**

(१) शाखाले यस कार्यविधि बमोजिम तोकिएका अनुदान प्रदान गर्ने कार्यक्रमहरूमा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न न्युनतम ७ दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) इच्छुक कृषक/समूह/सहकारीले कार्यक्रम सञ्चालनको लागि निवेदन, दर्ता प्रमाण पत्र तथा समूह वा कार्यसमितिको निर्णय सहित आवेदन दिनु पर्नेछ।

(३) समितिबाट पहिचान भएका क्षेत्र तथा सम्बन्धित शाखाबाट दफा ५ उपदफा (२) बमोजिम सोझै सञ्चालन हुने कार्यक्रमहरूको लागि सूचना प्रकाशन बेगर कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७. **लाभग्राही छनौटः** (१) लाभग्राही छनौट दफा ४ बमोजिमको समितिबाट तोकिएको मापदण्डको आधारमा हुनेछ।

## परिच्छेद ५

## विविध

८. **सार्वजनिक लेखापरीक्षणः**

(१) किसानसँग अध्यक्ष कार्यक्रम अन्तर्गत दफा ५ (३) बमोजिम अनुदान प्राप्त गर्ने समूह तथा सहकारीहरूले पारदर्शिताको लागि सार्वजनिक लेखापरीक्षण गर्नेपर्नेछ।

(२) पालिकाले अनुदानको विवरण वेभसाइटमा नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ।

९. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको दक्षता, प्रभावकारिता, गुणस्तर, दिगोपना, औचित्य लगायतका पक्षहरूको अनुगमन तथा मूल्याङ्कन देवघाट गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिबाट हुनेछ।

१०. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा नलेखिएका विषयहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. **व्याख्या र वाधा अडकाउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आइपरेमा वा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

आज्ञाले
कालिका तिमिल्सिना लम्साल
प्रमुख प्रशासकीय अधिकृत